# बर्दगोरिया गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः १०** **संख्याः १०** **मितिः २०८३/०२/२५**


भाग-२

## बर्दगोरिया गाउँपालिका सहकारी संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०८३


कार्यपालिकाबाट पारित मितिः २०८३/०१/०८

प्रमाणीकरण मितिः २०८३/०२/१३

स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८३/०२/२५

## बर्दगोरिया गाउँपालिकाको सहकारी संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/०८

बर्दगोरिया गाउँपालिका अन्तर्गतका सबै सहकारी संस्थाहरुको नियमन, व्यवस्थापन र विश्वसनिय बनाई आर्थिक समृद्धि हासिल गर्न, सहकारीहरुको एकीकरण र व्यवस्थापन मार्फत सवल, सक्षम र पारदर्शि बनाई सर्वसाधारणको सहकारीमा पहुँच बिस्तार गर्न आवश्यक भएकोले बर्दगोरिया गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा ६५ को उपदफा (१) बमोजिमको उद्देश्य समेत कार्यान्वयन गर्न सोहि ऐनको दफा १०० ले दिएको अधिकार प्रयोग गरी सहकारी संस्थाहरु एक आपसमा एकीकरण तथा व्यवस्थापन गर्ने सम्बन्धमा बर्दगोरिया गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद-१

### संक्षिप्त नाम र परिभाषा

१ संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"बर्दगोरिया गाउँपालिका सहकारी संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) “ऐन” भन्नाले बर्दगोरिया गाउँपालिकाको सहकारी ऐन, २०७४ सम्झनु पर्छ ।

ख) “मन्त्रालय” भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

ग) “सहकारी संस्था" भन्नाले सहकारी संस्था वा संघलाई सम्झनुपर्छ र सो शब्दले विशिष्टिकृत सहकारी संघलाई समेत जनाउँछ ।

घ) “एकीकरण कार्य" भन्नाले दुई वा दुई भन्दा बढी संस्थाहरुबीच एक आपसमा भएको सम्झौता बमोजिम एकीकरण हुने कार्य सम्झनु पर्छ र सो शब्दले शब्दले दुई वा दुई भन्दा बढी संस्थाहरु एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्यलाई समेत जनाउँछ ।

ङ) “नियामक निकाय" भन्नाले बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

च) “दर्ता गर्ने अधिकारी" भन्नाले ऐनको दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनु पर्छ ।

छ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूँजीको अंश सम्झनु पर्छ ।

ज) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

झ) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

ञ) "समिति" भन्नाले सहकारी संस्थाको सञ्चालक समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य र सो सम्बन्धी व्यवस्था

३ **सहकारी संस्थाको एकीकरण व्यवस्थाको उद्देश्यः** सहकारी संस्था एकीकरणको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) सामूहिक प्रयास मार्फत सबल र सक्षम संस्थाको निर्माण गर्न,

ख) संस्थालाई भौतिक-आर्थिक स्रोत तथा मानवीय संसाधनद्वारा सक्षम र आत्मनिर्भर बनाउन,

ग) संस्थाको दिगो विकास सहित स्थायित्व प्रदान गर्न,

घ) सदस्यहरूलाई प्रदान गर्ने सेवामा गुणात्मकता तथा परिमाणात्मकतामा वृद्धि गर्न,

ङ) एक व्यक्ति एक सहकारी सदस्यतालाई जोड दिई दोहोरो सदस्यता अन्त्य गर्न,

च) सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन,

छ) संस्थालाई समयानुकुल प्रविधिबाट सम्पन्न बनाई व्यवसायीकरण गर्न,

ज) सहकारीमा देखिएका कमी कमजोरीहरुलाई सुधार गरी उपलब्ध अवसरहरुको उपयोग गर्न,

४. **एकीकरण गर्न सकिने सहकारी संस्थाहरुः** (१) निम्न संस्थाहरुलाई एकीकरण गर्न सकिने संस्थामा राख्न सकिनेछ-

क) एउटै कार्य क्षेत्र भित्र रहेका, एक भन्दा बढी सहकारी संस्थाहरु,

ख) सञ्चालन लागत घटाएर सदस्यहरुलाई बढी लाभ बितरण गर्न चाहने संस्थाहरु,

ग) फरक विषय र प्रकृति भए पनि खासमा एकै व्यवसायमा प्रतिशपर्धा भईरहेका संस्थाहरु,

घ) सदस्यतामा दोहोरोपना देखिएका सहकारी संस्थाहरु,

ङ) एउटै प्रकृति वा विषयका वा एउटै विषयसंग मेल खाने खालका संस्थाहरु, तर एकै स्थानमा विभिन्न विषय र प्रकृतिका धेरै संस्थाहरु रहेको भएमा फरक विषय वा प्रकृति भएतापनि नियामक निकायले एकीकरण गर्न स्वीकृति प्रदान गर्न सक्ने,

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि एकीकरण कार्यको लागि सहकारी संस्थाहरुको कार्यक्षेत्र अनिवार्य जोडिएको हुनुपर्नेछ ।

५. **एकीकरणको प्रक्रियाः** सहकारी संस्थाहरुले एकीकरण कार्य गर्दा देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ ।

क) एकीकरण गरिने संस्थाहरूको आवश्यकता पहिचान गर्ने ।

ख) एकीकृत हुने संस्थाहरूका शेयर सदस्य तथा सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र अन्य उप-समितिका सदस्य वा पदाधिकारीको उपस्थितिमा एकीकरण सम्बन्धी अन्तर्क्रिया/छलफल कार्यक्रमको संचालन गरी सहमति जुटाउने ।

ग) सहमति प्राप्त गरिसकेपछि नियामक निकायबाट एकीकरणका लागि पूर्व-स्वीकृति लिने ।

घ) उपयुक्त अन्तर्क्रिया छलफलका विषयलाई एकीकरण हुने संस्थाको साधारण सभाको दुई-तिहाई बहुमतबाट अनुमोदन गराउने र एकीकरण सम्बन्धी कार्य गर्नका लागि सञ्चालक समितिलाई एकीकरणको शर्त सहित अख्तियारी प्रदान गर्ने ।

ङ) साधारण सभाबाट स्वीकृत भई एकीकरण सम्बन्धी कार्य गर्न अख्तियार प्राप्त सञ्चालक समितिले सोही प्रक्रियाबाट एकीकरणका लागि आउने सहकारी संस्थासँग एकीकरण गर्नका निम्ती एकीकरणका शर्त र कार्यविधि निर्माण गर्न कम्तिमा ५ सदस्य संयुक्त कार्यदल निर्माण गर्ने ।

च) कार्यदलले एकीकरणका शर्त तथा कार्यविधिमा गहन वहस र छलफल पश्चात संयुक्त कार्यदलले तयार पारेको अनुसूचि-१ बमोजिमको शर्त तथा कार्यविधि एकीकृत हुन चाहने संस्थाहरुको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समिति सहितको कम्तिमा एक तिहाई सदस्यहरुको उपस्थित भेलाले स्वीकृत गर्ने ।

छ) खण्ड (ङ) बमोजिमको भेलाको बहुमतले एकीकरण पश्चात निर्वाचित समिति निर्माण नभए सम्मको लागि दैनिक कार्य सञ्चालन गर्न तदर्थ सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति गठन गर्नुपर्नेछ।

ज) एकीकरणमा जाने सहकारी संस्थाले एकीकरणमा जानुपूर्व १५ दिने सार्वजनिक सूचना "स्थानीय वा राष्ट्रिय स्तरको पत्रिका वा गाउँपालिकाको सूचना पाटी/वेबसाइट/ वडा कार्यालयको सूचना पाटी र स्थानीय एफ.एम. रेडियो" मा कम्तिमा एक पटक प्रकाशन/ प्रसारण गर्ने ।

झ) एकीकरणमा संलग्न हुने संस्थाहरुले आवश्यक्तानुसार छाता संघ तथा बर्दगोरिया गाउँपालिकाबाट आवश्यक राय/सुझाव प्राप्त गर्न सक्ने ।

ञ) एकीकरण हुनुभन्दा अगाडि सूचना प्रकाशन गर्नुपर्नेछ र त्यस्तो संस्थाले गरेको काम कारवाही एकीकरण भए पश्चात बन्ने संस्थाले गर्ने व्यहोरा समावेश हुनुपर्ने ।

ट) एकीकरण गर्ने संस्थाहरूको शर्त तथा कार्यविधि सञ्चालक समितिले पारित गरेपछि सम्बन्धित संस्थाहरूको नियमित साधारण सभाको समय भए त्यसैमा सो नभए विशेष साधारण सभा डाक्ने र शर्त तथा कार्यविधि प्रस्तुत गर्ने ।

ठ) एकीकरण पश्चात तीन महिना भित्र विशेष साधारण सभाबाट सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्नु पर्नेछ ।

६. **पूर्व स्वीकृति लिनु पर्नेः** (१) दफा ४ बमोजिम योग्य दुई वा दुई भन्दा बढी संस्थाले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय, सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आ-आफ्नो संचालक समितिबाट प्रस्ताव पारित गरी पूर्व स्वीकृतिको लागि नियामक निकायमा निवेदन पेश गर्न सक्नेछन्,

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि नियामक निकायले माग बमोजिम संस्थाहरु एकीकरण गर्न योग्य देखिए एकीकरणको कार्य अगाडि वढाउन स्वीकृति दिन सक्नेछ । तर पूर्व स्वीकृति नलिएको भएतापनि संस्थालाई एकीकरण गर्ने गरी स्वीकृति दिन यस दफाले वाधा पुर्याएको मानिने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार वा अन्य सार्वजनिक निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जायजेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले नियामक निकायको पूर्व स्वीकृति लिनु पर्नेछ।

७. **सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) नियामक निकायबाट पूर्व स्वीकृति लिएपछि एकीकरण हुन चाहने सहकारी संस्थाहरुले आ-आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गर्नु पर्ने देखिएमा मुल्याङ्कनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मूल्यांङ्कन गराउन सक्नेछन् ।

(२) मूल्याङ्कनकर्ताले पेश गर्ने प्रतिवेदनमा संस्थाको देहाय बमोजिमका विषयहरुमा स्पष्ट राय पेश गर्नु पर्नेछ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछः

क) कर्जा वर्गीकरण,

ख) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

ग) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

घ) तरलता विवरण,

ङ) जनशक्ति व्यवस्थापन र

च) अन्य आवश्यक विषयहरु ।

८. **एकीकरणमा राखु पर्ने शर्त र कार्यविधिका विषयहरूः** एकीकरणमा देहायका शर्त तथा कार्यविधिहरु राख्नु पर्नेछः

क) कुन-कुन संस्था बीच एकीकरण गर्ने हो सो उल्लेख गर्ने ।

ख) एकीकृत संस्थाको नाम एकीकृत हुने संस्थाहरु मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सो को उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने।

ग) एकीकरण पश्चात संस्थाको कार्य क्षेत्र कति रहने हो सो एकिन गर्ने, कार्य क्षेत्र एकिन गर्दा मापदण्डमा रहेको व्यवस्थाको अनुसरण गर्ने ।

घ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा आवश्यक संशोधन गर्ने हो सो कुरा उल्लेख गर्ने ।

ङ) शेयर पूँजीको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकमहरु एकीकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने विधि (जस्तैः एकीकृत हुने संस्थाहरुको शेयर पूँजीको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन्)

च) संस्थाको सम्पत्ति एकीकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्बन्धी विषय ।

छ) अन्य आवश्यक विषय ।

९. **<u>संयुक्त भेलामा प्रस्तुत गरिने विषयहरूः</u>** सहकारी संस्था एकीकरण गर्नका लागि दफा ५ (ङ) बमोजिमको संयुक्त भेलामा निम्न विषयहरु पेश गर्नु पर्नेछः

क) अनुसूचि-१ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्बन्धी विवरण,

ख) एकीकृत हुने अघिल्लो दिन सम्मको वासलात,

ग) आन्तरिक लेखा परीक्षण प्रतिवेदन,

घ) एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकीकृत हुन आउने संस्थाबाट वढीमा ५ जनाको विवाद समाधान समिति गठन गर्ने,

ङ) एकीकृत संस्थाहरूको सम्पति (स्थायी भए) नियमानुसार नामसारी सम्बन्धी विषय,

च) संस्थाहरुको ऋण लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याजदर,

छ) सदस्यताको क्रम संख्या, शेयर प्रमाण पत्र लिने दिने, कर्मचारी व्यवस्थापन, कारोवार स्थगन जस्ता विषयहरूमा कुनै छुट्टै व्यवस्था गर्नु पर्ने भए सो समेत निर्णय गर्ने ।

१०. **<u>सम्झौता सम्बन्धी व्यवस्थाः</u>** संयुक्त भेलाबाट प्रक्रिया अगाडि बढाउन स्वीकृत प्राप्त गरेपछि संस्थाहरुले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता गर्नु पर्नेछः-

क) एकीकरण हुने सहकारी संस्थाहरुको नाम, ठेगाना, कार्यक्षेत्र, एकीकरण भए पछि रहने नाम, ठेगाना, र कार्यक्षेत्र,

ख) सदस्यहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

ग) संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति दायित्वको मिलान पद्धति,

घ) एकीकरण गर्न लाग्ने अनुमानित समयावधि,

ङ) संस्थाको विनियम, कार्य संचालन सम्बन्धी नियमावलीहरु, वचत तथा ऋण नीति निर्देशिका, कार्यविधि एकीकरण हुने संस्थाको नाम,

च) एकीकरण भएपछिको पूँजी संरचना तथा स्वामित्व संरचना,

छ) एकीकरण भएपछिको संस्थामा आवश्यक कर्मचारी मात्र रहने गरी कर्मचारी कटौती योजना तथा जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,

ज) प्रचलित सहकारी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

झ) संस्थागत पुनर्संरचना, एक आपसमा सदस्यता सेवा केन्द्रहरुको मिलान तथा सञ्चालन व्यवस्था,

ञ) अन्य प्रचलित कानून र सोको पालना भएको घोषणा,

ट) नियामक निकायले तोकेका अन्य आवश्यक विषयहरु ।

**११. <u>एकीकरणको लागि निवेदन दिने:</u>** (१) दफा ६ बमोजिम स्वीकृति प्राप्त वा स्वीकृति प्राप्त नभएका संस्थाले बर्दगोरिया गाउँपालिकाको सहकारी ऐनको दफा ६५ को प्रक्रिया पूरा गरी एकआपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित विद्यमान पूँजी संरचना अनुसार आ-आफ्नो साधारण सभाबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पारित एकीकरण प्रस्तावका आधारमा दुबै संचालक समितिको निर्णय सहित संयुक्त रुपमा नियामक निकायमा अनुसूचि-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**१२. <u>नियामक निकायले अपनाउनु पर्ने कार्य प्रक्रिया:</u>** (१) नियामक निकायसँग एकीकरणका लागि निवेदन पेश भए पछि नियामक निकायले देहाय अनुसारको कार्य प्रक्रिया अपनाउनु पर्नेछः-

क) नियामक निकायसँग एकीकरणका लागि पूर्व स्वीकृति लिए, नलिएको र नलिएको अवस्थामा एकीकरण वा विभाजन पश्चात आउन सक्ने कानूनी जटिलताको विषय यकिन गर्ने,

ख) एकीकरण हुने संस्थाहरुको साधारणसभाको दुई-तिहाई बहुमतबाट नियमानुसारको प्रस्ताव पारित भए नभएको हेर्ने,

ग) एकीकरणमा जाने सहकारी संस्थाले एकीकरणमा जानु पूर्व १५ दिने सूचना राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा एक पटक प्रकाशन तथा स्थानीय एफ.एम. रेडियोहरुबाट समेत प्रशारण गरे नगरेको हेर्ने,

घ) एकीकरण सम्बन्धी आवेदन प्राप्त भए पश्चात सो सम्बन्धमा कुनै गुनासो भए जानकारी गराउन सात (७) दिनको सार्वजानिक सूचना जारि गर्नुपर्नेछ ।

ङ) सरोकारवालाको गम्भीर प्रकृतिको उजुरी वा गुनासो पाइएमा प्राप्त उजुरीको सुनुवाई गरि एकीकरण सम्बन्धी निर्णय लिने,

च) एकीकरण कार्य सम्पन्न भएको सूचना पत्र प्रत्रिकामा प्रकाशित गर्न लगाउने,

छ) सहकारी संस्था एकीकरण गरे पछि मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सो को जानकारी प्रदेश सहकारी मन्त्रालय, सहकारी विभाग, जिल्ला सहकारी संघ, विषयगत संघ लगायतका निकायमा पठाउने ।

ज) स्थायी लेखा नं. लिएका संस्था भए आन्तरिक राजस्व कार्यालयलाई जानकारी गराउने ।

(२) संस्थाहरु एकीकरण गर्दा हाल कायम रहेको नाम चाहेमा सोही नाम र अन्य नाम प्रस्ताव गरिएमा नियमानुसार नयाँ नाम दिनु पर्नेछ ।

१३. <u>**एकीकरण स्वीकृति सम्बन्धी व्यबस्थाः**</u> (१) एकीकरणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृती लिए वा नलिएका संस्था दफा ९ बमोजिमको प्रतिवेदन र दफा १० बमोजिमको संझौतापत्र सहित अन्तिम स्वीकृतिको निमित्त नियामक निकायमा संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछः

क) एकीकरण हुने संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरिक्षकको प्रतिवेदन,

ख) एकीकरण गर्ने सम्बन्धमा कुनै समझदारीपत्र भए त्यस्तो समझदारीपत्र र एकीकरण समिति गठनको निर्णय,

ग) एकीकरण हुने संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि मूल्याङ्कनकर्ताको नियुक्त गरिएको भएमा मूल्याङ्कनकर्ताको प्रतिवेदन,

घ) एकीकरण हुने संस्थाको नाम, ठेगाना,

ङ) एकीकरण सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना,

च) नियामक निकायले तोकेका अन्य कागजात तथा विवरण

छ) एकीकृत हुन आउने संस्थाहरूले अनुसूचि-२ वमोजिमको संयुक्त आवेदन

ज) एकीकरणको शर्त र कार्यविधि,

झ) एकीकरण हुने संस्थाहरुको छुट्टा छुट्टै र संयुक्त वासलात,

ञ) एकीकरण गर्नु अघि राष्ट्रियस्तरका पत्रिकामा संस्था एकीकरणमा जान लागेको कुराको सार्वजनिक सूचना जारी गरेको सूचना,

ट) उक्त सूचना प्रकाशित भएपछि एकीकरण सम्पन्न नभएसम्म वार्षिक कार्यक्रममा उल्लेख भए बाहेकका महत्वपूर्ण प्रकृतिका कुनै आर्थिक कारोवार नगर्ने व्यहोरा खुल्ने कागज,

ठ) एकीकृत हुनु अगाडीका संस्थाहरुले गरेका काम कारवाहीहरु एकीकृत संस्थाले गरेको मानिने विषय विनियममा उल्लेख गर्ने ।

ड) सम्पूर्ण कागजपत्रहरु एकीकृत हुन चाहने सहकारी संस्थाका अध्यक्षहरुबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ।

ढ) एकीकृत हुन चाहने संस्थाहरूको अघिल्लो बर्षको साधारण सभाद्वारा अनुमोदित लेखा परीक्षण प्रतिवेदन तथा चालु बर्षको आन्तरिक लेखा परीक्षण प्रतिवेदन समेत सँलग्न राख्नु पर्ने,

ण) एकीकृत संस्थाको विनियममा "एकीकृत संस्थाको नामबाट भए गरेका काम कार्वाही यस विनियम बमोजिम भए गरेको मानिनेछ" भन्ने प्रावधान समावेश गरी पेश गरिएको विनियम,

(२) उपदफा (१) बमोजिमको निवेदन उपर नियामक निकायले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संस्थालाई लिखित सूचना दिई थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र त्यस्ता संस्थाका संचालक वा अधिकार

प्राप्त व्यक्तिले नियामक निकाय समक्ष त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन परेमा नियामक निकायले उक्त निवेदन, सोसँग संलग्न कागजात, विवरण उपर छानबिन गरी पैतिस (३५) दिन भित्र संस्था एक आपसमा एकीकरण गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धीत संस्थालाई दिनेछ ।

(४) यस कार्यविधि बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र संस्था वा सोका अख्तियारवाला व्यक्तिले तोकेको मिति भित्र उपलब्ध नगराएमा एकीकरण सम्बन्धी निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन् । तर पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

(५) नियामक निकायले एकीकरण सम्बन्धमा आफूले गरेको निर्णयको व्यहोरा सर्वसाधारणको जानकारीका लागि सार्वजानिक गर्नेछ र त्यस्तो जानकारीमा एकीकरण हुनु भन्दा अगाडीका संस्थाहरुले गरेका कामहरु एकीकरण पश्चात गठन भएको संस्थाले गर्ने व्यहोरा खुलाईनेछ ।

१४. **<u>एकीकरण सम्बन्धी अन्य व्यवस्थाः</u>** संस्था एक आपसमा एकीकरण गर्दा आवश्यकतानुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछः-

क) दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोवार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा उपरोक्त कार्य क्षेत्र प्रदान गर्न सकिनेछ ।

ख) एकीकरण गर्दा दफा १४ (क) बमोजिम ठुलो कार्य क्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सदस्यता सेवा केन्द्र खोल्न दिइने ।

ग) एकीकरण हुने संस्थाहरुलाई कार्यसञ्चालनका थप कार्यक्षेत्र आवश्यक्ता भए औचित्यता हेरी गाउँ क्षेत्रभित्रका भूगोल जोडिएका वडाहरु थप गर्न सकिने ।

घ) फरक विषयका संस्थाहरु एकीकरण भएमा त्यस्ता संस्थाहरुलाई सो संस्थाले चाहेको विषय वा प्रकृति राख्न अनुमति प्रदान गर्न सकिने ।

१५. **<u>एकीकरण पश्चात ध्यान दिनुपर्ने कुराहरूः</u>** एकीकरण पश्चात देहाय बमोजिमका कुरामा ध्यान पुर्याउनु पर्नेछः

क) एकीकरणमा सामेल भएका संस्थाहरु संस्थाको मूल कार्यालयभन्दा टाढा भएमा सदस्यता सेवा केन्द्र खोल्ने स्वीकृति लिई कार्यहरुलाई निरन्तरता दिने,

ख) कर्मचारीको जिम्मेवारी बाँडफाँड र सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको जिम्मेवारीको बाँडफाँडमा विशेष ध्यान दिने,

ग) एकीकृत संस्थाको सेवा सेवा सुविधामा कटौती होइन अरू उन्नत सेवा सुविधा प्रदान गर्ने,

घ) एकीकरण भएको मितिले तीन (३) महिना भित्र एकीकृत संस्थाको विशेष साधारण सभा बोलाई सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्नु पर्नेछ ।

१६. **<u>एकीकरणमा सहजीकरण गर्न सकिने:</u>** देहायको अवस्थामा सहकारी संस्थाहरुबाट एकीकरण गर्न अनुरोध भै आएमा नियामक निकायले एकीकरण कार्यमा सहजीकरण गर्न सक्नेछः-

क) एक वडामा एकै विषयका धेरै संस्थाहरु सञ्चालन भएको,

ख) फरक विषय वा प्रकृतिका संस्थाहरु बीच एकै व्यवसायमा अस्वस्थ प्रतिश्पर्धा भएको,

ग) दुवै तर्फका संस्थामा दोहोरो सदस्यता भएको

घ) दुई वा दुई भन्दा बढी संस्थाहरु एक आपसमा एकीकरण गर्दा सहकारी अभियानलाई सहयोग पुग्ने देखिएमा ।

## परिच्छेद-३

## <u>विविधः</u>

१७. **<u>संस्थाको सम्पतिः</u>** (१) एकीकरण हुने संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाब किताब दुरुस्त राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) नियामक निकायले सहकारी संस्था एक आपसमा एकीकरण गर्न अन्तिम स्वीकृति दिएपछि एकीकरण कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको पाइएमा एकीकरण स्वीकृति बदर गरी कारवाही गर्न सक्नेछ ।

१८. यो कार्यविधि प्रारम्भ हुनु अघि यस गाउँपालिका अन्तर्गत भएका सहकारी एकीकरण सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

१९ **<u>बाधा अड्काउः</u>** यस कार्यविधिमा भएका कुनैपनी व्यवस्थाको आवश्यक संशोधन र खारेजी गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**अनुसूचि-१**
**(दफा ५ को खण्ड (च) सँग सम्बन्धित)**
**एकीकरणका शर्त तथा कार्यविधिको ढाँचा**

सहकारी ऐन, नियम, मापदण्ड तथा संस्थाको विनियममा भएको व्यवस्था अनुसार ........................ सहकारी संस्था लि. ............................................................र ........................................................... सहकारी संस्था लि. को एकीकरण गर्दा शर्त र कार्यविधि खोली एकीकरण प्रक्रियालाई अघि बढाउनु पर्ने भएकाले निम्न लिखित शर्त र कार्यविधिका अधिनमा रही एकीकरण कार्य सम्पन्न गर्ने साधारण सभाको अख्तियारी बमोजिम सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति सहितको (कम्तिमा एक तिहाई सदस्य) उपस्थित भेलाले गरेको निर्णय कार्यान्वयनका लागि बर्दगोरिया गाउँपालिकाको दर्ता अधिकारी समक्ष अनुरोध गर्ने समेत निर्णय गरियो ।

| क्र.सं. | विषयहरु | एकीकरण शर्त | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| १. | नाम | ...........संस्था लि.(दर्ता नं. .......... *दर्ता भएको निकाय .............)* ................................. संस्था (द.नं. ................. दर्ता भएको निकाय ................... ) रहेकोमा एकीकरण हुने संस्थालाई एकीकृत गरी एउटै नामबाट संस्था सञ्चालन गर्ने । एकीकरण हुने संस्थालाई एकीकृत गरी .......................... सहकारी संस्था लि. ................................ कायम गर्ने | एकीकरण हुने संस्थाको साधारण सभाबाट पारित गराई ..............नियामक निकायबाट स्वीकृति लिई संस्था " ....................."को नामबाट सञ्चालन गर्ने । | |
| २. | कार्यालय | एकीकरण हुने संस्थाहरुको कार्यालय एउटै बनाउने | ..........................संस्थाको कार्यालय भवनबाट कार्य सञ्चालन गर्ने । | |
| ३. | कार्यक्षेत्र | एकीकरण हुने संस्थाको कार्यक्षेत्र एकीकृत रुपमा रहने र कार्यक्षेत्रमा आफ्नो सदस्यहरुलाई सेवा प्रदान गर्ने। | साविक ............ संस्थाको कार्यक्षेत्र वडा नं.......... र साविक........संस्थाको कार्यक्षेत्र वडा नं......... लाई एकीकृत गरी अब उप्रान्त बर्दगोरिया गाउँपालिकाको वडा नं. .......... लाई एकीकृत कार्यक्षेत्र कायम गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| ४. | विनियम | एकीकरण हुने संस्था एकीकृत भएपछि एउटा मात्र संस्थाको विनियम स्वीकार गरिने। | ............................सहकारी संस्थाको विनियम ...................स्वीकार गरी सोही विनियम अनुसार कार्य सञ्चालन गर्ने । | |
| ५. | शेयर रकम | एकीकरण हुने संस्थाको शेयर रकम एकीकृत गर्ने। यस वर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गर्ने । | ....................को लेखापरीक्षण अनुसारको शेयर रकम जम्मा गरी एउटा संस्थामा समावेश गर्ने।<br>...........को शेयर रु...........<br>........को शेयर रु....... गरी<br>जम्मा शेयर रु........ | |
| ६. | संस्थाका कोषहरु | ....................र............ कोषको रकम एकीकृत गरी समावेश गर्ने । वितरण गर्न मिल्ने कोषहरु सदस्यहरुलाई वितरण गर्ने नमिल्ने कोषहरु यथावत राखी एकीकृत गर्ने। यसरी एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने | वितरण गर्न मिल्ने कोषहरु सम्बन्धित संस्थाका सदस्यहरुलाई वितरण गर्ने, कर्मचारीलाई वितरण गर्ने कोष पनि वितरण गर्ने र बाँकी कोषहरु नियमानुसार उपयोग गर्ने ।<br>वितरण गर्न मिल्ने कोषहरुको विवरणः<br>कोषको नामः ……….......सहकारी संस्था<br>१. शेयर लाभांश कोष<br>२. संरक्षित पूँजी फिर्ता कोष<br>**जम्माः**<br>एकीकृत गरी कोषमा राख्ने कोषहरुः<br>कोषको नामः<br>**जम्माः**<br>१. जगेडा कोष<br>२. सहकारी प्रवर्द्धन कोष<br>३. सहकारी शिक्षा कोष<br>४. घाटापूर्ति कोष<br>५. कर्मचारी बोनस कोष<br>६. सहुलियत कर्जा लगानी कोष<br>७. जोखिम व्यवस्थापन कोष<br>८. स्थिरिकरण कोष<br>९. .....................कोष<br>१०. ..................कोष | |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा................ | |
| ७. | दायित्व | ..............र..............चुक्ता गर्नुपर्ने दायित्व एकीकरण पश्चात .................नै चुक्ता गर्ने अथवा दायित्व बहनको जिम्मेवारी...............रहने। | ............................ संस्थाको दायित्व र ............................... संस्थाको दायित्व एकीकृत गरी ............... बाट फछ्यौट गर्ने । | |
| ८. | लगानी हिसाब | .................र..................छाता संघहरुमा रहेको लगानी हिसाब एकीकृत गरी.................को नाममा कायम गर्ने .................संस्थाको लगानी रकम सम्बन्धित छाता संघबाट फिर्ता लिई आम्दानी बाँध्ने। | निम्न लगानी हिसाब एकीकृत गरी .................... को नाममा कायम गर्ने ।फिर्ता गर्न मिल्ने रकम फिर्ता लिई .................... नाममा आम्दानी बाँध्ने र सो कार्यका लागि छाता संघहरुबाट पत्राचार गर्ने ।<br>लगानी रहेको संस्था .............. | |
| ९. | ऋण लगानी | .....................र......................... आफ्ना सदस्यहरुलाई लगानी गरेको ऋण रकम एकीकृत गरी ............................मा समावेश गर्ने । | .........................र.....................एकीकृत भएपछि ....................................ऋणी सदस्यहरुले...............नाममा उक्त ऋण सार्ने व्यवस्था गर्ने । | |
| १०. | बचत हिसाब | ....................र ..................... सबै साविकका बचतहरु एकीकृत रुपमा समावेश गर्ने। | ....................... र ................. द्वारा सञ्चालित बचत कार्यक्रमहरु संस्था ........................शेयर सदस्यहरुको नाममा समावेश गरी राख्ने । | |
| ११. | सदस्यता | ..........................र................ ..दुवै संस्थाका सदस्यहरुलाई एकीकृत संस्थामा समावेश गर्ने। | .........................र................... शेयर सदस्यहरुको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने । यसरी कायम गर्दा एउटै मिति भएमा संस्था 'क' को जेठो सदस्यलाई नं १ र संस्था 'ख' को जेठो सदस्यलाई 'ख-१' वा नयाँ सिरिज दिने । | |
| १२. | नीतिहरु | संस्था सञ्चालन नीति लागु गर्ने सन्दर्भमा | हाल रहेका निम्न नीतिहरु कायम राखी संस्था सञ्चालन गर्ने। | |

| | | | | |
|---|---|---|---|---|
| | | ......................र.................. भएका एकै किसिमका नीतिहरु भए .........................का नीतिहरु लागू गर्ने र ....................नभएका नीतिहरुका सन्दर्भमा भने ...................नीतिहरुलाई नै एकीकृत संस्थाको रुपमा लागू गर्ने। | ..........................................<br>..........................................<br>..........................................<br>.......................................... | |
| १३. | बैंक खाता र नगद जिम्मेवारी | ................................. बैंक कारोबार .................. हस्तान्तरण गर्ने, नगद पनि एकीकरण हुने संस्थाको एकीकृत गर्ने | ....................बैंक र नगद हस्तान्तरण गरी एकीकृत रुपमा राखी उपयोग गर्ने । | |
| १४. | संस्था सञ्चालन प्रक्रिया | ................ एकीकरण हुने संस्थाका वर्तमान सञ्चालक, लेखा तथा सल्लाहकार समिति एवं उपसमितिहरु मिलाएर विनियममा व्यवस्था भए बमोजिम बाँकी अवधि ................... सम्मका लागि कायम गर्ने । | एकीकरण हुने संस्थाका सञ्चालकहरुबाट सञ्चालक समिति, लेखा समिति तथा अन्य समिति उपसमिति गठन गरी कार्य गर्ने । | |
| १५. | लिनु दिनु पर्ने बाँकी ऋण तथा सम्पत्ति | एकीकरण हुने संस्थाको एकीकरण गरी संयुक्त रुपमा राख्ने। | एकीकरण हुने संस्थाले बुझाउनु पर्ने बाँकी ऋण संयुक्त रुपमा ...................नाममा स्थानान्तरण गरी बुझाउने लिनुपर्ने भए पनि यही कार्यविधि अपनाई असुल उपर गर्ने । | |
| १६. | केन्द्रीय/ जिल्ला विषयगत संघको प्रतिनिधि | ..................बाट प्रतिनिधित्व गर्ने केन्द्रीय/प्रदेश/जिल्ला/विषयगत संघको प्रतिनिधि............एकीकृत संस्थाको तर्फबाट पनि निरन्तरता दिने र .......................का केन्द्रीय प्रतिनिधिलाई भने फिर्ता गर्ने। | ....................केन्द्रीय प्रतिनिधि......................संयुक्त भएको एकीकरण हुने संस्थाको प्रतिनिधिका रुपमा एकीकृत प्रतिनिधि फेरबदल गर्ने । | |
| १७. | कर्मचारी | एकीकरण हुने संस्थाका कर्मचारीहरुलाई यथावत कामकाज लगाउने । | .................नियुक्त कर्मचारीहरु र ..................नियुक्त कर्मचारीहरुलाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | एकीकृत रुपमा ............नै यथावत कामकाज लगाउने । | |
| १८. | पान नं. | ............पान स्वीकार गर्ने र ....................पानलाई रद्द गर्ने । यसका लागि सम्बन्धित निकायमा जानकारी गराउने। | ....................सहकारी संस्थाको आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको पान ..................लाई प्रयोग गर्ने । | |
| १९. | नगदी र ढुकुटीको बीमा गर्ने | एकीकृत संस्था ..................को नगदी र ढुकुटी (सेफ) को बिमा गराई सञ्चालन गर्ने । | उपयुक्त बिमा कम्पनीसँग आवश्यक सम्झौता गरी नगदी र ढुकुटी बिमा गर्ने व्यवस्था मिलाउने। | |
| २०. | एकीकरण पछिको विवाद सम्बन्धी | एकीकरण पश्चात कुनै विषयमा विवाद उठेमा विवाद मिलाउन ३ (तीन) सदस्यीय समिति निर्माण गर्ने र विवादको टुंगो लगाउने । | विवाद समाधान समितिमा .......................र................निम्न सदस्यहरुलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय सञ्चालक समितिले अनुमोदन गरेपछि लागु हुने गरी निर्णय गर्ने ।<br>१ संयोजक................................<br>२ सदस्य................................<br>३ सदस्य.................................. | |
| २१. | विनियममा संशोधन र परिमार्जन गर्ने समिति | .......................सहकारी संस्थाको विनियम हालको अवस्थामा कतिपय विषयहरु थपघट, परिमार्जन गरी समयानुकुल बनाउनु पर्ने भएकोले व्यापक अध्ययन परिमार्जन गर्न तीन सदस्यीय समितिलाई जिम्मा दिने। | विनियम संशोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरी जिम्मेवारी दिने।<br>१. संयोजक........................<br>२. सदस्य..........................<br>३. सदस्य......................... | |

**.......................**
**दस्तखत**
**.............................. सहकारी संस्था लि.**
**संस्थाको छाप**

**.......................**
**दस्तखत**
**.............................. सहकारी संस्था लि.**
**संस्थाको छाप**

अनुसूचि-२

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**<u>एकीकरण/विभाजनको लागि निवेदनको ढाँचा</u>**

मितिः......../....../.......

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
मुडा, कैलाली ।

**विषयः एकीकरण गर्न स्वीकृती पाऊँ ।**

महोदय,

बर्दगोरिया गाउँपालिकाको सहकारी ऐन, २०७४ बमोजिम सञ्चालन भै आएका तपसिल बमोजिमका संस्था एकीकरण गर्न सम्पूर्ण प्रकृया पूरा भएकोले एकीकरणका लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं । अतः उपरोक्त संस्थाहरु एकीकरण गर्न स्वीकृतिको लागि अनुरोध छ । साथै उक्त कार्यको लागि आवश्यक कागजात थान ........... यसै पत्रसाथ संलग्न गरिएको छ ।

| | |
|---|---|
| भवदीय,............................................... | भवदीय............................................... |
| संस्थाको तर्फ बाट आधिकारिक व्यक्ति | संस्थाको तर्फ बाट आधिकारिक व्यक्ति |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः |
| ठेगानाः | ठेगानाः |
| टेलिफोन नं. | टेलिफोन नं. |
| फ्याक्स नं. | फ्याक्स नं. |
| इमेल ठेगानाः | इमेल ठेगानाः |
| मितिः | मितिः |
| संस्थाको छापः | संस्थाको छापः |

आज्ञाले
नन्दा कुमारी भट्ट
प्रमुख प्रशासकीय अधिकृत